# कविता

*-श्याम रिमाल*

*भिक्षुहरु पान खान निस्के*
पहेंलो चिवर
हलुको झोला
हवाइ चप्पल छ साथमा
निस्किए मुडुलाा टाउकाहरु विहारबाट एकएक

कोमल गोडाहरु
टक्क अडिए
राजाराम ठाकुरको पान दुकानअगाडि
र आदेश दिए जर्दा पान र सुपारीको

मुख रातो भयो छिनमै तिनको
रक्तमुछित युद्धमैदानजस्तो
रोल्पाको,दाङ.को र सोलुजस्तो
पानको रस पिच्च थुके सफाचट अनुहारहरुले
ओहो ।.युकानाता नावातामे नवग्राममा ढलेसरह

श्वेत दन्तपंक्ति पान चपाइरहे
खयरसँगै चुनाको रंग बदलिरह्यो
स्निग्ध पानको पात सकिदैगयो -सुपारीसँगै कुटुकुटु ।.